जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# सैनामैना नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय ,बुद्धनगर, रुपन्देही

## नदीजन्य पदार्थको बिक्रिका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सुचना

**प्रथम पटक सुचना प्रकाशन मितिः २०८१।०१।१०**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२(क) र सैनामैना नगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी व्यवस्था बमोजिम तपशिलमा उल्लेखित सुकौली घोलाको घाटबाट तपसिल बमोजिमको परिमाणमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०७९।८० को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र आव्हानको सुचना प्रकाशित गरीएको छ।

**शर्तहरुः**

**१.** फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र ,मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर रु. ३,०००।०० (तिन हजार) पछि फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा नगदै तिरेको रसिद वा कृषि विकास बैंक, पर्रोहा शाखा कार्यालयमा रहेको यस कार्यालयको खाता नं. ०४१४२०१६५९९१५०११ मा नगद जम्मा गरेको बैंक भौचर साथ विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट मात्र बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।

**२ .** विद्युतीय बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

**३.** आफुले कबोल गरेको अंकको **५ प्रतिशतको दरले हुन आउने धरौटी रकम** यस कार्यालयको कृषि विकास बैंक, पर्रोहा शाखामा रहेको धरौटी खाता नं. ०४१४२०११४९२४४०१५ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकवाट यस कार्यालयको नाममा बोलपत्र नं . र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड बोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्नेछ।

**४ .** बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले सही छाप गरी मिति २०८१।०२।०९ गते दिनको १२ बजे भित्र विद्युतिय माध्यमबाट उक्त प्रणालीमा भएको व्यवस्था अनुसार पेश गर्नुपर्नेछ र पर्न आएका बोलपत्रहरु सोही दिनको दिउसो १ बजे बोलपत्रदाता एवं प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

**५ .** प्रि बिड बैठक मिति २०८१।०१।२८ गते दिनको १ बजे सैनामैना नगरपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नेछन्। उक्त दिन विदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ।

**६ .** विद्युतीय बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

**७ .** बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र भ्याट र अग्रिम आयकर सहित कबोल अंकको ५० प्रतिशत हुने रकम प्रथम किस्ता बापत अनिवार्य बुझाउनु पर्नेछ र बाँकी ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको २०८० साल आषाढ मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफमेन्स वन्ड) समेत पेश गरीपट्टा उठाउनु पर्नेछ। साथै सो ५०% रकम २०८१ साल जेष्ठ ३० गते भित्र वा कुल उत्खनन् परिमाणको ६०% परिमाण मध्ये जुन पहिला हुन्छ सोही मितिमा दाखिला गर्नुपर्नेछ।

**८.** तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, सम्बन्धित स्थानीय तहवाट जारी भएका कानुन, प्रदेश र संघीय कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ।

**तपसिलः**

| सिनं. | ठेक्का नं | घाट वा नदीको नाम | उत्खनन् परिमाण (घन फिट) | न्युनतम कबोल अंक (मु.अ कर बाहेक) | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | आय-०१-०८०।८१ | सैनामैना न.पा वडा नं ०३ सुकौली घोलाको सुकौली दर्खासी क्षेत्र आसपास नाका | १,१९,२८८ | रु. १४,३१,४५६ | ३,००० |

**प्रमुख प्रशासकीय अधिकृत**